# नीतिसार

SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT (SAWTEE)

अंक: १ वर्ष: २००३


# नेपालको पहाडी जनजीवन र कृषकका अधिकार: नीतिगत संरचनाको परिचयात्मक अध्ययन



## भौगोलिक विशेषता

नेपाल एक पहाडी मुलुक हो । यहाँका २ करोड ३१ लाख मानिसहरूका लागि जम्मा १,४७,१८१ वर्ग किलोमिटर जमीन उपलब्ध छ । भू-बनोटका हिसाबले नेपाललाई तीन भागमा बाँड्न सकिन्छ: हिमाली क्षेत्र (समुद्र सतहभन्दा ४,८७७ देखि ८,८४८ मिटर माथिसम्म), पहाडी क्षेत्र (समुद्र सतहभन्दा ६१० देखि ४,८७७ मिटर माथिसम्म) र तराई क्षेत्र (समुद्र सतहभन्दा ५९ देखि ६१० मिटर माथिसम्म) । हिमाली क्षेत्रले देशको लगभग ३५ प्रतिशत भाग ओगटेको छ र यसको कूल क्षेत्रफलमध्ये २ प्रतिशत मात्र कृषियोग्य छ । नेपालका प्राय: सबै ठूला नदीहरूको उद्गम स्थल हिमाली क्षेत्र नै हो । पहाडी क्षेत्रले देशको ४२ प्रतिशत भाग ओगटेको छ । यसको १० प्रतिशत भू-भागमा खेती गर्न सकिन्छ । तराई क्षेत्रमा नेपालको २३ प्रतिशत भू-क्षेत्र पर्दछ । यसको ४० प्रतिशत जमीन कृषियोग्य छ । राजनैतिक-प्रशासनिक दृष्टिकोणले नेपाललाई ५ विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा बाँडिएको छ । यी मध्ये १६ जिल्ला हिमाली, ३९ जिल्ला पहाडी र बाँकी २० जिल्ला तराई क्षेत्रमा पर्दछन् ।

## सामाजिक-आर्थिक जनजीवन

मानिसहरूको जीवनमा पहाडको ठूलो महत्व हुँदाहुँदै पनि पहाडी क्षेत्रमा बसोबास गर्ने जनसमुदायहरूको जीवन कष्टकर हुने गरेको छ । नेपाल यसको ज्वलन्त उदाहरण हो । नेपालमा प्राकृतिक सम्पदा प्रशस्त हुँदाहुँदै पनि यसलाई पहाडमा बसोबास गर्ने मानिसहरूको जीवनस्तरमा सुधार ल्याउने ढङ्गले उपयोग गर्न सकिएको छैन । नेपाल एक गरिब मुलुक त हुँदै हो, साथै गरिबीको असमान वितरणले पनि पहाडी क्षेत्रलाई बढी नराम्रोसँग प्रभाव पारेको छ । स्वास्थ्य, शिक्षा र खानेपानीजस्ता आधारभूत सामाजिक सेवाहरूका हिसाबले पनि पहाडी क्षेत्र पछाडि नै रहेको छ । यद्यपि हाम्रा पहाडहरूलाई गरिबी कै स्रोतकेन्द्रका रुपमा मात्र हेर्नु आवश्यक भने छैन । यस क्षेत्रमा कैयौं आर्थिक अवसरहरू पनि उपलब्ध छन् । हिमाली र पहाडी क्षेत्रमा खासगरी चिया, कफी, अलैंची, च्याउ, फलफूल, बेमौसमी तरकारी र फूलजस्ता व्यापारिक हिसाबले महत्वपूर्ण रहेका वस्तुहरूको प्रचुर संभावना पनि रहेको छ । बीउ उत्पादनका लागि पनि यो क्षेत्र अत्यन्त अनुकुल रहेको छ । ठूला-ठूला चरनक्षेत्रहरू उपलब्ध हुनाले पहाडी क्षेत्रमा पशुपालन व्यवसायको संभाव्यता त छँदैछ, पशुजन्य उत्पादनको अवसर पनि उत्तिकै फराकिलो छ । अर्कोतिर, यो क्षेत्र जडीबुटीको भण्डारकै रुपमा रहेको छ । नेपालमा करीब ६९० प्रकारका जडीबुटी पाइएका छन् । ती मध्ये १०० प्रकारका जडीबुटीको राम्रै व्यापार हुने गर्दछ । त्यस्तै प्राकृतिक सौन्दर्य, पर्यावरणीय स्वच्छता र जैविक विविधताजस्ता कारणहरूले पर्वतीय पर्यटन र पर्वतारोहणजस्ता विदेशी मुद्रासमेत आर्जन गर्ने व्यवसायहरू पनि पहाडी क्षेत्रमा फस्टाउन सक्तछन् ।

## नीतिगत परिवेश

### राष्ट्रिय नीतिहरू

विगत केही दशकदेखि नेपालको विकासका प्रयासहरूको उपल्लो उद्देश्य गरिबी निवारण नै रहेको छ । नवौं योजनाले त पहिलोचोटि गरिबी निवारणसम्बन्धी एक दीर्घकालीन दृष्टिकोण (२०५४-२०७४) नै प्रस्तुत गरेको छ । दशौं योजनाले पनि यसप्रति कटिबद्धता व्यक्त गरेको छ । उदाहरणका लागि, यस योजना अवधिमा गरिबीको रेखामुनि रहेको जनसंख्याको अनुपात ३८ प्रतिशतबाट घटाई ३० प्रतिशतमा ल्याउने लक्ष्य रहेको छ । यस योजनाले गरिबी निवारणको लागि अपनाएको रणनीतिहरू ४ पक्षमा केन्द्रित रहेका छन्: उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, पिछडिएको क्षेत्र र समुदायतर्फ लक्षित कार्यक्रम र सुशासन ।

अर्कोतर्फ, विगत १३ वर्षदेखि नेपालले पनि अन्य कतिपय मुलुकमा झैं आर्थिक उदारीकरणको नीति अवलम्बन गर्दै आएको छ । यस क्रममा समष्टिगत आर्थिक स्थायित्वले महत्वपूर्ण स्थान पाउँदै आएको छ । अन्य नीतिगत पक्षहरूमा समष्टिगत आर्थिक स्थायित्व, निजी क्षेत्रको विकास, वित्तीय क्षेत्रको सुधार, सुशासन, वैदेशिक सहयोगको प्रभावकारिता र नागरिक समाजको सक्रिय भूमिकाजस्ता कुराहरू रहेका छन् । सामाजिक क्षेत्रमा गरिने लगानी बढाउने र सरकारी तथा निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन दिने विषयहरूले पनि नीतिगत प्राथमिकता पाएका छन् ।

### क्षेत्रगत नीतिहरू

माथि प्रस्तुत गरिएका राष्ट्रिय नीतिहरूको समग्र परिवेशमा क्षेत्रगत नीतिहरूको तर्जुमा भएको छ । यसमध्ये ४ वटा क्षेत्रसँग सम्बद्ध नीतिहरूको संक्षिप्त रूपरेखा यहाँ प्रासंगिक हुनेछ ।

#### *वैदेशिक व्यापार, लगानी र उद्योग*

मुलुकको औद्योगिक क्षेत्रलाई बढी प्रतिस्पर्धात्मक बनाउने उद्देश्यले उपयुक्त नीतिगत र संस्थागत संरचनाको तर्जुमा गर्ने काम सन् १९९० को दशकको आरम्भदेखि नै शुरु भएको हो । औद्योगिक क्रियाकलापलाई प्रोत्साहन दिने र यिनीहरूको नियमन गर्ने नीतिहरू रहेका छन् । यी नीतिगत प्रयासहरूले खासगरी लगानीसम्बन्धी प्रक्रियालाई सजिलो, छिटो-छरितो र खुकुलो बनाएका छन् । आन्तरिक तथा वैदेशिक दुवै प्रकारको लगानीलाई प्रोत्साहित गरिएको छ । केही निर्दिष्ट घरेलु र साना उद्योगहरूलाई छाडेर अरु सबैजसो क्षेत्रमा वैदेशिक लगानीलाई अनुमति दिने व्यवस्था रहेको छ । व्यापारतर्फ आयात प्रतिस्थापनको अवधारणामा आधारित औद्योगिकरणबाट अगाडि बढेर निर्यातमा आधारित विकासको मान्यता अपनाइएको छ ।



### *कृषि*

योजनाबद्ध विकासको क्रममा नेपालले कृषिक्षेत्रलाई सधैं नै जोड दिँदै आएता पनि यस क्षेत्रको विकासको गति अपेक्षा गरिएजस्तो हुनसकेको छैन । त्यसैले, नवौं योजनादेखि २० वर्षे दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan, APP १९९७-२०१७) लागू गरिएको छ । यस योजनाले समग्रमा गरिबी घटाई ग्रामीण जीवनमा समृद्धि ल्याउने परिकल्पना गरेको छ । योजनाले २० वर्षभित्र कृषिक्षेत्रको वृद्धिदर ०.५ प्रतिशतबाट बढाई ३ प्रतिशत पुऱ्याउने कार्ययोजना बनाएको छ । यसले क्षेत्रीय सन्तुलनलाई पनि बढावा दिएको छ । खास उत्पादनका लागि खास भौगोलिक क्षेत्रहरूको पहिचान र विकास गरी निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषितर्फ उन्मुख गर्ने कार्यक्रम पनि यसले राखेको छ । यसैअनुरुप हिमाली र पहाडी क्षेत्रमा पशुपालन तथा फलफूलगायतका बढी मूल्य पर्ने बालीहरूमा जोड दिइएको छ । तराईमा खाद्यान्न बालीहरूको प्रबर्द्धन गरिएको छ । APP ले आफ्ना लक्ष्यहरू हासिल गर्न खासरूपमा ४ वटा क्षेत्रमा जोड दिएको छः सिंचाई सुविधाको विस्तार, ग्रामीण सडक तथा यातायातद्वारा बजार प्रबर्द्धन, प्रविधिको उपयोगद्वारा उत्पादनमा वृद्धि र उन्नत मल तथा बीउको उपलब्धता । यसमध्ये सिँचाइसेवाको विस्तारमा कूल लगानीको ५६ प्रतिशत खर्च गर्ने कार्यक्रम रहेको छ । ग्रामीण सडकले दोस्रो प्राथमिकता (२० प्रतिशत लगानी) पाएको छ । यसरी कृषिक्षेत्रलाई अगुवा क्षेत्रका रुपमा लिई यसबाट गरिबी घटाउने नीति यस योजनाले लिएको छ । माथि नै उल्लेख भए झैं दशौं योजनाले पनि प्राथमिकता कृषिक्षेत्रलाई नै दिएको छ । स्मरणीय छ, दशौं योजनालाई नेपालको गरिबी निवारणसम्बन्धी रणनीतिपत्र (Poverty Reduction Strategy Paper, PRSP) का रुपमा पनि अपनाइएको छ ।

यस्तै हालै सरकारले अपनाएको मध्यावधि खर्च कार्यक्रमले पनि कृषिक्षेत्रको उत्पादकत्व बढाएर गरिबी घटाउने लक्ष्य लिएको छ । यसका लागि सार्वजनिक खर्च पुनरावलोकन आयोगले प्रस्ताव गरेको संस्थागत प्रबन्ध अपनाउन कृषि प्रसार लगायतका विभिन्न सेवाहरूलाई विकेन्द्रितरुपमा स्थानीय निकायमार्फत उपलब्ध गराउने नीति रहेको छ । नेपालले अपनाएको आर्थिक उदारीकरणको नीतिले स्वभावतः कृषिक्षेत्रलाई पनि समेटेको छ । कृषिक्षेत्रमा पाइएका उदारीकरणका तत्वहरू यसप्रकार छन्: रासायनिक मलहरूको बिक्री वितरणमा सरकारी एकाधिकारको अन्त्य, कृषिसामग्री संस्थानसँग रहेको बीउ वितरणको एकाधिकारको समाप्ति, कृषिसामग्रीहरूको मूल्य निर्धारणमा बजारमुखी व्यवस्थाको प्रभाव, ट्युबवेलमा आधारित सिँचाईमा अनुदानको अन्त्य, मोटर चल्ने ठाउँसम्मका लागि खाद्यान्न ढुवानीमा दिइएको अनुदानको अन्त्य तथा निजीक्षेत्रका सेवादाताहरूसँग साझेदारी र पशुचिकित्सा सेवाहरूको निजीकरण ।तर कृषिमा उदारीकरणको नीतिको सकारात्मक प्रभाव पर्न सकेको छैन । नवौं योजनामा कृषिक्षेत्रको कमजोर वृद्धिदर (३.३ प्रतिशत) आफैंले यसलाई पुष्टि गर्छ । कृषि विकासमा जतिसुकै प्राथमिकता दिइए तापनि यसका लागि तर्जुमा गरिएका सरकारी नीतिहरू स्पष्ट रहन सकेका छैनन् । उदाहरणका लागि, भूमिगत सिँचाई र रासायनिक मलको आपूर्तिमा दिइआएको अनुदान फिर्ता लिने काम APP का रणनीतिहरूसँग सोझै बाझ्दछन् । अर्कोतिर, ग्रामीण क्षेत्रमा कृषि गतिविधिहरूका लागि पर्याप्त ऋणको उपलब्धता सुनिश्चित हुन सकेको छैन । यसर्थ, गरिबी निवारणमा कृषिक्षेत्रको योगदान बढाउन उपयुक्त नीतिगत संरचना तयार गर्न बाँकी नै छ ।

चालु वर्ष (२०६०/६१) को बजेटले कृषिक्षेत्रलाई राम्रो महत्व दिएको छ । यसले सहकारी खेतीको अवधारणालाई अगाडि बढाएको छ । साथै कृषि अनुसन्धानमा सरकारी र निजी क्षेत्रको साझेदारीलाई जोड दिएको छ । अन्य नीतिगत अग्रसरताहरूमा, आनुवांशिक स्रोतको संरक्षण, पशुधनको बीमा र पुष्प तथा दुग्ध व्यवसायलाई प्रोत्साहन दिनेजस्ता कुराहरू रहेका छन् ।

### *वन तथा वातावरण*

वन तथा वातावरणका क्षेत्रमा अपनाइएका नीतिगत उपायहरूमा सामुदायिक वन, वन पैदावरको विकास, राष्ट्रिय तथा कबुलियती वनको विकास, वनस्पति अनुसन्धान, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, भू तथा जलाधार संरक्षण, जडिबुटी उत्पादन तथा प्रशोधन र वन पैदावार उद्योग रहेका छन् । खासरुपमा सामुदायिक वन कार्यक्रममा उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । करीब १० लाख परिवारहरू वन उपभोक्ता समूहमा आबद्ध भई झण्डै ८ लाख हेक्टर बराबरको सामुदायिक वन व्यवस्थापन गर्न सफल भएका छन् ।

सन् १९७० को दशक यता अपनाइएका विकासका कार्यक्रमहरूले वातावरण व्यवस्थापनको आवश्यकतालाई जोड दिँदै आएका छन् । यस क्रममा १९९३ मा एक "राष्ट्रिय वातावरण नीति तथा कार्ययोजना" लाई अपनाइयो । यसलाई नवौं योजनाले थप बल प्रदान गऱ्यो । त्यसपछिका विभिन्न क्षेत्रगत नीतिहरूले पनि वातावरण संरक्षणको महत्वलाई स्वीकार गरेका छन् । यसैबीच वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ लागू भएका छन् । यी दुवैले विकास योजनाहरूमा अन्य कुराहरूका अतिरिक्त "वातावरणीय प्रभाव मूल्याङ्कन" लाई अनिवार्य बनाएका छन् । यसबाहेक नेपालले वातावरण संरक्षणसँग सम्बन्धित १६ वटा अन्तर्राष्ट्रिय सन्धि/सम्झौताहरूलाई अनुमोदन गरेको छ । यी सम्झौताहरूबाट पनि राष्ट्रिय नीतिहरू निर्देशित रहेका छन् ।

### *पहाडी क्षेत्रको विकास*

नेपाल आफैं एक पहाडी मुलुक हुँदाहुँदै पनि यसले पहाडी क्षेत्रको विकाससम्बन्धी खास नीतिहरूको तर्जुमा गर्न सकेको छैन । तर यसो हुँदाहुँदै पनि कतिपय सरकारी नीतिहरूको प्रभाव पहाडी क्षेत्रमा रहेको छ । सन् १९७० को दशकमा सूत्रपात गरिएको क्षेत्रीय विकासको अवधारणाले पहाडी र हिमाली क्षेत्रका जिल्लाहरूलाई पनि समेटेको कुरालाई उदाहरण मान्न सकिन्छ । पहाडी क्षेत्रको विकासको सन्दर्भमा केही नीतिहरू अपनाइएका छन् । यिनले खासगरी स्थानीय र सामुदायिक विकासलाई जोड दिन्छन् र सामाजिक सेवाहरू प्रदान गर्दछन् । तर ती नीतिहरू अन्तर्गतका कार्यक्रमहरूले पहाडी जनजीवनमा अपेक्षितरुपमा सकारात्मक प्रभाव पार्न भने सकेका छैनन् । वस्तुतः ती कार्यक्रमहरूको संचालनमा हाम्रो आफ्नै मौलिकताभन्दा दातृसमुदायको "सिर्जनात्मकता" बढी अभिव्यक्त भएको छ ।

सरकारले लिएका नीतिगत कदमहरूले पहाडी क्षेत्रमा प्राकृतिक स्रोतहरूको संरक्षणलाई जोड दिएका छन् र खासगरी वनजंगल, वन्यजन्तु र जलाशयहरूलाई जोगाएर राख्ने नीति लिएका छन् । यो आफैंमा एक राम्रो कुरा हो । तर प्राकृतिक स्रोतको संरक्षणसँग स्थानीय जनसमुदायको हितलाई आबद्ध गर्न नसक्नाले यसले केही समस्याहरूलाई पनि निम्त्याएको छ । उदाहरणका लागि, पहाडी क्षेत्रबाट हुने बसाइँसराईलाई लिन सकिन्छ । यसै पृष्ठभूमिमा स्रोत संरक्षणलाई सामुदायिक हितसँग जोड्ने प्रयासहरू देखिन लागेका छन् । मकालु-वरुण राष्ट्रिय निकुञ्ज यसको एक उदाहरण हो ।

आर्थिक दृष्टिकोणबाट हेर्दा पहाडीक्षेत्रमा पर्यटन व्यवसायको ठूलो संभाव्यता देखिन्छ । तर "निषेधित क्षेत्र" को अवधारणाले यस व्यवसायलाई फस्टाउन दिएको छैन भन्ने गुनासो विशेषज्ञहरूको रहेको छ । वस्तुतः नेपालका अग्ला पहाडहरूलाई राष्ट्रिय गौरवको विषयमात्र नबनाएर आर्थिक जीवनको दिगो आधार समेत बनाउनुपर्ने मान्यता विकसित हुँदै आएको छ । यसतर्फ पनि सरकार उदार हुन थालेको संकेत मिल्दछ । विदेशी पर्यटकहरूको भ्रमणलाई प्रोत्साहित गर्न हालसालै सरकारले साविकका निषेधित चुचुराहरूलाई पर्वतारोहणका लागि खुल्ला गरेको छ ।

## कृषकका अधिकारहरू

यहाँ "कृषकका अधिकारहरू" भन्ने अवधारणालाई विशेष रुपमा बुझ्नुपर्ने हुन्छ । विश्वव्यापीकरणसँगसँगै बढ्दै आएको बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारको वृहत् दायराभित्र कृषकका अधिकारहरूको पनि खोजी हुँदै आएको छ । यस अवधारणालाई सर्वप्रथम विश्व खाद्य तथा कृषि संगठन (Food and Agriculture Organisation, FAO) बाट मान्यता मिलेको हो । "कृषकका अधिकारहरू" को मान्यताले वनस्पतीसम्बन्धी आनुवंशिक स्रोत र सम्पदाको जगेर्ना र विकासमा कृषकहरूले शताब्दीयौंदेखि गर्दै आएको योगदानलाई स्वीकार गर्दछ । यसअर्थमा कृषकहरूले आफ्नो खेतीबाट उत्पादित बीउको बेचबिखन, संरक्षण र पुर्नप्रयोग निर्बाधरुपमा गर्न पाउँछन् । यो कुरा हामीलाई स्वाभाविक जस्तो लाग्छ । तर १९६१ मा अपनाइएको नयाँ वनस्पति-प्रजातिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (International Union

for the Protection of New Varieties of Plants, UPOV) को व्यवस्थालाई हेर्ने हो भने यो कुरा त्यत्ति स्वाभाविक छैन । UPOV ले नयाँ बोटबिरुवाको "आविष्कार" गर्ने व्यवसायीहरू (breeders) लाई त्यस्तो आविष्कारको उपयोगमाथि एकाधिकार प्रदान गर्दछ । स्मरणीय छ, UPOV को यो व्यवस्था यस्ता व्यवसायीहरूको पक्षमा अझ बढी अनुकूल हुँदै आइरहेको छ । UPOV का नयाँ सँस्करणहरू त कृषकहरूका लागि अझ बढी प्रतिकूल छन् ।

नेपालले UPOV मा हस्ताक्षर गरेको छैन र यहाँ वनस्पती-व्यवसायीहरूको "आविष्कार" लाई संरक्षण दिने कानून पनि बनिसकेको छैन । यसैगरी कृषकका अधिकारहरूका सम्बन्धमा पनि खास कानून बनेको छैन । FAO ले अपनाएको वनस्पतिजन्य आनुवंशिक सम्पदासम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (International Undertaking on Plant Genetic Resources, IUPGR) ले कृषकका अधिकारहरूलाई मान्यता दिंदै हरेक मुलुकले मौलिक ढङ्गमा यी अधिकारको संरक्षण गर्नुपर्ने परिकल्पना गरेको छ । तर नेपालले यसतर्फ खास पहल गर्न सकेको छैन । तर जैविक विविधतासम्बन्धी महासन्धि (Convention on Biological Diversity, CBD) लाई भने नेपालले अनुमोदन गरिसकेको छ । हाम्रो सन्धि ऐन, २०४८ ले नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सम्झौताका प्रावधानहरू राष्ट्रिय कानूनसँग बाझिएमा यसरी बाझिएको हदसम्म उक्त प्रावधानहरू नै मान्य हुने व्यवस्था अपनाएको छ । यसअर्थमा CBD का प्रावधानहरू बाध्यात्मक हुने देखिन्छन् । यसो हुँदाहुँदै पनि उक्त महासन्धिले आनुवंशिक सम्पदामा स्थानीय समुदायहरूको पहुँच रहने र त्यसको बाँडफाँडमा सहभागी हुने गरी अपनाएको सिद्धान्तलाई कार्यान्वयन गर्नेतर्फ नेपालले पाइला चाल्न बाँकी नै छ । यहाँनेर के चाहिं उल्लेखनीय छ भने नेपालमा "जैविक विविधता" लाई कानूनी स्तरमा परिभाषित गर्ने काम वातावरण संरक्षण ऐन, २०५३ ले गरेको छ । यसले जैविक विविधता र आनुवांशिक स्रोतको संरक्षणलाई जोड दिएको छ । उदाहरणका लागि, उक्त ऐन र त्यस अन्तर्गत बनेको वातावरण संरक्षण नियमावली, २०५४ मा वनस्पतिको प्रकार, आनुवांशिक सम्पदा र जैविक विविधतासम्बन्धी अध्ययन-अनुसन्धानमा संलग्न हुन चाहने विदेशी अनुसन्धाताहरूले वन तथा भू-संरक्षण मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने प्रावधान रहेको छ । हालै मात्र सरकारले CBD मा आधारित रणनीति २०५९ अपनाएको छ । यो रणनीतिले आगामी २० वर्षसम्मका व्यवस्थापन र संरक्षणसम्बन्धी कार्यक्रमहरूलाई निर्देशित गर्नेछ ।

### कृषक अधिकारसम्बन्धी संवैधानिक प्रावधानहरू

कृषकका अधिकारहरूलाई संरक्षण गर्न भनेर कानून बनिसकेको नभए तापनि नेपालमा यस अवधारणालाई प्रत्यक्ष वा परोक्षरुपमा मान्यता दिने केही संवैधानिक प्रावधानहरू रहेका छन् । नेपाल अधिराज्यको संविधान, २०४७ नै एक उदाहरण हो । संविधानको धारा २६ (५) ले "कृषिक्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गर्ने" आदेश राज्यलाई दिएको छ । त्यसैगरी संविधानको धारा १२६ (२) ले प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौतालाई संसदको दुई-तिहाई बहुमतले समर्थन गर्नुपर्ने व्यवस्था गरेको छ । यसबाट प्राकृतिक स्रोतहरूको व्यवस्थापनलाई बढी जोड मिलेको छ । यस संवैधानिक प्रावधानलाई कृषकका अधिकारहरूलाई स्थापित गर्ने आधारका रुपमा उपयोग गर्न सकिन्छ । तर हालसम्म यस दिशामा मुलुक अगाडि बढ्न भने सकेको छैन ।

## बौद्धिक सम्पदासम्बन्धी कानूनी व्यवस्था

वि.सं. १९९४ मा पहिलोचोटि पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क ऐन लागू भएपछि नै नेपालमा बौद्धिक सम्पदासम्बन्धी कानूनी व्यवस्था शुरु भएको हो । यस ऐनलाई २०२२ सालमा यसै नामको नयाँ ऐनले प्रतिस्थापन गऱ्यो । यो अझै पनि लागू नै छ । यसैगरी २०२२ सालमा नै एक प्रतिलिपि अधिकारसम्बन्धी ऐन लागू भयो । बौद्धिक सम्पदासम्बन्धी यस लामो इतिहासमा यस ऐन अन्तर्गत हालसम्म जम्मा ४४ वटा पेटेण्ट र २९ वटा डिजाइनहरूले मात्र संरक्षण प्राप्त गरेको छ । यसबाट औद्योगिक क्षेत्रमा सिर्जनात्मकता र आविष्कारका हिसाबले नेपाल धेरै पछाडि छ भन्ने सोझै थाहा हुन्छ । नेपालको वर्तमान कानूनी व्यवस्था विश्व व्यापार संगठन (World Trade Organisation, WTO) अन्तर्गतको बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता (Trade Related Aspects of Intellectual Property Rights, TRIPS) भन्दा फरक छ । यसमा सामन्जस्यता ल्याउने उद्देश्यले श्री ५ को सरकारले उक्त ऐनमा संशोधन गर्न लागेको छ । जैविक विविधताको संरक्षणतर्फ उन्मुख कानूनी व्यवस्थाको तर्जुमा पनि हुँदैछ । यस क्षेत्रमा सरकारले नागरिक समाजको पनि सहयोग लिंदै आएको छ । अर्कोतिर, राष्ट्रिय योजना आयोगमा एक राष्ट्रिय जैविक विविधता संरक्षण समितिको गठन भएको छ । यसका लागि आवश्यक कानूनहरूको मस्यौदा पनि भइरहेको छ ।

## WTO को सदस्यताले पार्ने प्रभाव

गत २००३ को सेप्टेम्बर १० देखि १४ मा मेक्सिकोको कानकुनमा सम्पन्न WTO को पाचौं मन्त्रिस्तरीय सम्मेलनले नेपाललाई संगठनको सदस्य बनाउन अनुमति दिइसकेको छ । नेपाल WTO को सदस्य भएपछि एकातिर नयाँ अवसरहरू उपलब्ध हुनेछन् भने अर्कोतिर विभिन्न चुनौतीहरू पनि खडा हुनेछन् । यसको कारणबाट पहाडीक्षेत्रको जनजीवन प्रभावित हुने पक्का छ ।

### अवसरहरू

नेपालजस्ता अतिकम विकसित मुलुकहरूलाई WTO को संरचनासँग आबद्ध गराउने र त्यसका माध्यमबाट तिनीहरूलाई व्यापारका नयाँ संभावनाहरू उपलब्ध गराउने दिशामा अन्तर्राष्ट्रिय पहलहरू हुन थालेका छन् । कतारको दोहामा सम्पन्न WTO को चौथो मन्त्रिस्तरीय सम्मेलनलाई एक उदाहरणको रुपमा लिन सकिन्छ । यस सम्मेलनले अतिकम विकसित मुलुकहरूलाई भन्सारमुक्त व्यापारको सुविधा दिनुपर्ने भनि जोड दिएको छ । यसैगरी युरोपेली महासंघले अतिकम विकसित मुलुकहरूबाट हुने सैन्यसामग्रीबाहेक अन्य सबै वस्तुहरूको निर्यातलाई भन्सारमुक्त गर्ने योजनालाई अगाडि बढाएको छ । अर्कोतिर, WTO अन्तर्गतको कृषिसम्बन्धी सम्झौता (Agreement on Agriculture, AoA) को प्रावधानअनुरुप विकसित मुलुकहरूमा कृषि उत्पादनमा दिइने अनुदान घट्न गएमा त्यसबाट नेपालको कृषि उत्पादनलाई थप प्रोत्साहन मिल्न जानेछ । यस्ता प्रयासहरूले निर्यात वस्तुहरू र निर्यात बजार दुवैको विविधीकरणमा सहयोग पुऱ्याउन सक्छन् जसबाट पहाडी क्षेत्रको उत्पादनले फाइदा लिन सक्नेछ । अलैंची, अदुवा, चिया र फलफूललाई उदाहरणका रुपमा लिन सकिन्छ । यसबाहेक जडीबुटीको व्यापारले पनि थप गति पाउन सक्नेछ ।

दोहा सम्मेलनले TRIPS र CBD का बीच तादात्म्य स्थापना गर्ने आदेश पनि दिएको छ । यसो हुन सकेमा पहाडी क्षेत्रका मानिसहरूले आफूसँग भएको जैविक सम्पदाको न्यायपूर्ण उपयोग र उपभोग गर्न पनि पाउने थिए ।

### चुनौतीहरू

यद्यपि यी अवसरहरू सोझै उपलब्ध हुने छैनन् । अझ भनौं, WTO को सदस्यताबाट पहाडी क्षेत्रका जनसमुदायहरूले थुप्रै कुरा गुमाउनुपर्ने स्थिति पनि आउन सक्छ । उदाहरणका लागि, AoA, प्राणी तथा वनस्पती स्वास्थ्यसम्बन्धी सम्झौता (Agreement on Sanitary and Phytosanitary Measures, SPS) र TRIPS जस्ता सम्झौताहरू पहाडी जीवनका लागि ठाडो चुनौती बन्न सक्ने स्थितिमा छन् ।

सर्वप्रथम, पहाडी क्षेत्रमा अभ्यास गरिंदै आएको निर्वाहमुखी कृषिसँग सम्बन्धित गतिविधिहरूलाई व्यावसायिक खेती प्रणालीले प्रतिस्थापन गर्न सक्नेछ । यसबाट अहिले नै असुरक्षित रहेको खाद्य आपूर्ति अझ कमजोर बन्न सक्नेछ । व्यावसायिक खेतीले रासायनिक मल र कीटनाशक औषधिको प्रयोगमा जोड दिई बाली संरक्षणका परम्परागत् र धेरै हदसम्म प्राकृतिक प्रक्रियाहरूलाई निरुत्साहित पार्न सक्नेछ । तात्कालिक व्यापारिक फाइदा हेर्ने प्रवृतिले खासगरी नगदे बाली र त्यो पनि एउटै उत्पादनमा अत्यधिक जोड दिने परिपाटी अगाडि बढ्यो भने दीर्घकालीनरुपमा खाद्य सुरक्षाको समस्या झन् बढी मुखरित् हुने स्थिति आउन सक्नेछ ।

दोस्रो, उत्पादित वस्तुहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश पाउन भने गाह्रो हुनेछ । प्राविधिक र स्वास्थ्यसम्बन्धी बन्देजहरूले भन्सारमुक्त व्यापारको सुविधालाई निष्कृय बनाइदिने छन् । तेस्रो, TRIPS सम्झौताको वर्तमान संरचनाले "जैविक चोरी" को संभावना बढाएको कुरा सर्वविदितै छ । यसको बोझिलो असर जैविक भण्डारका रुपमा रहेको पहाडी क्षेत्रले नै लिनुपर्ने छ । चौथो, TRIPS ले प्रोत्साहन गर्ने अनुसन्धान र विकासका क्रममा पहाडी क्षेत्रले "आनुवंशिक प्रदूषण" को समस्या भोग्नुपर्ने स्थिति विकसित हुन सक्नेछ । अन्त्यमा, कृषकहरूले प्रयोग गर्ने बीउबीजनमाथि बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकार स्थापित भयो भने यसले उत्पादनको लागत र त्यसको परिणामस्वरुप मूल्य बढ्ने मात्र होइन त्यस्ता वस्तुमाथि कृषकहरूको सामान्य पहुँचलाई समेत दुरुह बनाउने छ ।

## सुझावहरू

### राष्ट्रिय स्तरमा अपनाउनु पर्ने नीति/कार्यक्रमहरू

*पहाडी क्षेत्रको विकास*

- पहाडी क्षेत्रको विकासका लागि त्यहाँको सामाजिक, आर्थिक र साँस्कृतिक विशेषताहरूसँग मिल्दोजुल्दो हुने गरी छुट्टै नीतिहरू बनाउने ।
- पहाडी क्षेत्रका विभिन्न पर्यावरणीय प्रदेशहरूका बीच अन्तरसम्बन्ध र आपसी निर्भरतालाई बढावा दिन उपयुक्त प्रविधि, पूर्वाधार र जनशक्ति विकास गर्ने ।
- जलस्रोत व्यवस्थापन, वातावरणसँग अनुकुल हुने ढुवानी प्रणाली र ऊर्जा खपतमा पहाडी क्षेत्रका विशेषताहरूसँग तादात्म्य कायम गर्न एक "गुरुयोजना" तयार गरी कार्यान्वयन गर्ने ।
- हिमाली, पहाडी र तराई क्षेत्रका आर्थिक गतिविधिहरूमा समन्वय ल्याउन भू-उपयोगसम्बन्धी योजना र कार्यक्रम कार्यान्वयन गर्ने ।
- पहाडी क्षेत्रमा खाद्यान्न तथा नगदेबाली, पशुपालन र वन व्यवस्थापनलाई एकीकृत रुपमा संचालन गर्ने ।
- प्राकृतिक र जैविक सम्पदाको संरक्षणसम्बन्धी कार्यक्रमहरूमा "मानव संरक्षण" लाई पनि समाहित गर्ने ।
- पहाडी क्षेत्रका "तुलनात्मक लाभ" भएका वस्तुहरूको पहिचान गरी तदनुरुप उत्पादन र बजार व्यवस्थापनको विकास गर्ने ।
- उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न पहाडी क्षेत्रमा उपलब्ध मौलिक विशेषताहरूको पहिचान गर्ने ।
- सरकारी र गैरसरकारी क्षेत्रबाट संचालन हुने पहाडी क्षेत्र विकाससम्बन्धी कार्यक्रमहरूमा समन्वय र अन्तरसम्बन्धको स्थापना गर्ने ।
- पर्यटन प्रबर्द्धनसम्बन्धी नीतिमा पुनरावलोकन गरी पर्यटनबाट स्थानीय जनसमुदायलाई अझ बढी लाभान्वित गर्ने ।
- पहाडी क्षेत्रमा जैविक प्रदूषण नियन्त्रण गर्न उपयुक्त कानूनी र नीतिगत उपायहरू अपनाउने ।
- पहाडी क्षेत्रमा यातायात सेवाको विस्तार गरी जनजीवनलाई सुगम बनाउन छिमेकी मुलुकहरूसँग सहकार्य गर्ने ।
- पहाडी क्षेत्रको विकासमा संलग्न संस्था र व्यक्तिहरूका बीच कार्यगत सम्बन्ध र समन्वयको स्थापना र विकास गर्ने ।
- पहाडी क्षेत्रका विशिष्ट उत्पादनहरूका लागि अन्तर्राष्ट्रिय स्तरमा बजार प्रबर्द्धन गर्ने ।
- जैविक विविधता संरक्षणसम्बन्धी कानून तर्जुमा गरी त्यसको कार्यान्वयनका लागि संस्थागत प्रबन्धहरू गर्ने ।

*कृषकका अधिकारहरू*

- कृषकका अधिकारहरूको संरक्षण र प्रबर्द्धन गर्न एक छुट्टै कानूनको तर्जुमा गरी त्यसबाट कृषकहरूलाई बीउबीजनको संरक्षण, जगेर्ना, साटासाट र बेचबिखन गर्ने स्पष्ट अधिकारहरू दिने ।
- जैविक विविधता संरक्षणसम्बन्धी नयाँ कानूनको तर्जुमा गर्ने र यसमा CBD का प्रावधानहरूलाई समेत समावेश गर्ने ।
- कृषिक्षेत्रको विकासका लागि अनुसन्धान र विकास बजेटलाई बढाउने र यस क्षेत्रमा निजी तथा सार्वजनिक क्षेत्रको सहकार्यलाई थप प्रोत्साहन दिने ।
- ग्रामीण सडकहरूको विस्तार गरी कृषिक्षेत्रको उत्पादकत्व बढाउने ।
- कृषिक्षेत्रमा उपलब्ध हुने वैदेशिक सहयोगलाई मुलुकको आवश्यकतासँग सुहाउँदो हुने गरी समन्वित ढङ्गमा परिचालन गर्ने ।
- कृषिक्षेत्रमा पर्न सक्ने WTO का संभावित असरहरू सम्बन्धमा कृषक समुदायको जानकारी र विश्लेषणात्मक क्षमता बढाउने ।



### अन्तर्राष्ट्रिय स्तरमा अपनाउनु पर्ने नीति/कार्यक्रमहरू

*पहाडी क्षेत्रको विकास*

- पहाडी क्षेत्रको भौतिक सुगमता बढाउन आवश्यक पर्ने कच्ची सडकजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्न छिमेकी मुलुकहरूसँग सहकार्य गर्ने ।
- पहाडी क्षेत्रको समग्र विकासको लागि काम गर्ने अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (इसिमोड) जस्ता अन्तर्राष्ट्रिय संघ-संस्था र सरकारहरूसँग मिलेर काम गर्ने ।
- पहाडी क्षेत्रको जनजीवनका विशिष्ट पक्षहरूका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई सचेत र संवेदनशील बनाउन विभिन्न प्रकारका अन्तर्राष्ट्रिय मञ्चहरूको उपयोग गर्ने ।
- पहाडी क्षेत्रको विकासमा संलग्न निकायहरूको सञ्जाल विस्तार गर्ने र त्यसका माध्यमबाट सूचनाहरूको आदनप्रदान गर्ने ।

*कृषकका अधिकारहरू*

- कृषकका अधिकारहरूलाई स्थापित गर्न दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (South Asian Association for Regional Cooperation, SAARC) लगायतका अन्य क्षेत्रीय सहयोग मञ्चहरूको उपयोग गर्ने ।
- WTO अन्तर्गतको AoA मा अतिकम विकसित मुलुकहरूका लागि रहेको "विशेष र पृथक" (Special and Differential Treatment, S&DT) सुविधाको प्रावधान कार्यान्वयन गराउन साझा स्वार्थ भएका अन्य मुलुकहरूसँग मिलेर काम गर्ने ।
- दोहा सम्मेलनको भावनाअनुरुप TRIPS र CBD का बीच तादात्म्य कायम गर्न सक्रिय रहने ।
- TRIPS मा रहेको "आविष्कार" को मान्यतालाई अझ बढी स्पष्टसँग परिभाषित गर्न अरु अल्पविकसित र विकासोन्मुख मुलुकहरूसँग मिलेर कार्य गर्ने ।
- बौद्धिक सम्पदासम्बन्धी नयाँ कानूनी संरचनाको तर्जुमा र कार्यान्वयन गर्न अतिकम विकसित मुलुकहरूका हैसियतमा नेपालले पाउन सक्ने प्राविधिक र वित्तीय सहयोग उपलब्ध गर्न अन्तर्राष्ट्रिय संघसंस्था र सरकारहरूसँग सहकार्य गर्ने ।
- खासखास समुदायहरूमा रहेको "परम्परागत ज्ञान" (Traditional Knowledge) र "लोकसाहित्य" (Folklore) लाई बौद्धिक सम्पदा संरक्षणसम्बन्धी कानूनी संरचना भित्र समावेश गर्न पहल गर्ने । ♦

**साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोमेन्ट (सावती) को स्थापना डिसेम्बर १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो। उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसँग सम्बन्धित विषयवस्तुहरूमा सरोकार वालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले खडा भएको सावतीमा हाल दक्षिण एशियाका ११ वटा गैरसरकारी संस्थाहरू सदस्य रहेका छन्।**

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

पो.ब.नं: १९३६६, २५४ लाम्टाङ्गिन मार्ग, बालुवाटार, काठमाडौं, नेपाल।
फोन: ४४१५८२४,४४४४४३८ फ्याक्स: ४४३०६०८, इमेल: sawtee@sawtee.org, वेबसाइट: www.sawtee.org

© 2003, SAWTEE. यो नीतिसार (Policy Brief) व्यवस्थापन तालिम तथा अनुसन्धान केन्द्रका प्रमुख सल्लाहकार डा. हिरामणि घिमिरेद्वारा सावतीका लागि अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को सहयोगमा तयार पारिएको हो। यसमा अमूल्य सुझाव तथा टिप्पणी दिनुहुने एक्सनएड नेपालकी यमुना घलेलाई संस्था आभार प्रकट गर्दछ। सम्पादक: ध्रुवेशचन्द्र रेग्मी, ढाँचा: इन्द्र श्रेष्ठ, मुद्रक: युनाइटेड ग्राफिक्स, काठमाडौं।